दर्ता नं. ११६/५०/०५६/०५७

# बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.
# Bauddha Grameen Multipurpose Co-operative Ltd.

(सहकारी ऐन २०४८ अन्तर्गत दर्ता भएको)

मिति : २०७९।०७।३०

## २२औं बार्षिक साधारण सभाको सुचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ४० को उपदफा ५ बमोजिम यस संस्थाको २२ औं बार्षिक साधारण सभा आयोजना गर्ने सम्बन्धमा संचालक समितिको मिति: २०७९।०७।३० गतेको बैठकको निर्णय अनुसार तपशिल बमोजिम संस्थाको २२ औं बार्षिक साधारण सभा आयोजना गरीने जसमा संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ एकाईमा बिभाजन गरी तपशिल बमोजिमको, मिति समय र स्थानमा निम्न अनुसारको प्रकृयाहरु अवलम्बन गरि साधारण सभा सम्पन्न गर्ने निर्णय भएकाले सम्पुर्ण सेयर सदस्यज्युहरुलाई साधारण सभाको बैठकमा सहभागिताको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरु :**

१. संस्थाको संचालक समितिको २०७८/०७९ को बार्षिक प्रतिवेदनमा पारित गर्ने सम्बन्धमा,
२. आ.ब ०७८/०७९ को बार्षिक लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
३. संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
४. आ.ब ०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा,
५. शेयर लाभांस पारित तथा वितरण गर्ने सम्बन्धमा ।
६. संरक्षित पूजी कोष तथा कर्मचारी बोनस पारित तथा वितरण गर्ने,
७. आ.ब २०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,
८. लेखा सुपरिवेक्षण समिति सदस्यको राजिनामा स्वीकृती एवं रिक्त रहने पदमा सदस्य छनौट गर्नेसम्बन्धमा ।
९. निति, कार्यविधि, निर्देशिका तथा थप परिपत्र पारित गर्ने ।
१०. सम्पत्ति शुद्धिकरण सम्बन्धि कार्यविधि स्वीकृत गर्ने ।
११. संस्थाको कार्यकारी प्रमुख तथा संचालक समितिको सेवा सुविधा एवं भत्ता निर्धारण गर्ने ।
१२. बाहृय संघ संस्था तथा बैंकसङ्ग भएको ऋण कारोबार अनुमोदन गर्ने ।
१३. संस्थाको लागि आवश्यक जग्गा खरीद गर्ने ।
१४. संस्थाको निमार्णाधिन भवनहरुको खर्च स्वीकृती गर्ने ।
१५. संस्थाको बचत तथा ऋणको ब्याजदर, ऋण लगानी, बचत परिचालन सम्बन्धि परीवर्तन गरीएको नियमहरु अनुमोदन गर्ने ।
१६. संस्थामा आवश्यक सवारी साधन तथा मेशिनरी औजारहरु खरीद गर्ने ।
१७. संस्थामा कर्मचारी दरबन्दि तथा पदपुर्ति सम्बन्धि भएका निर्णयहरु अनुमोदन गर्ने ।
१८. संस्थाको कार्यक्षेत्र थप गर्ने ।
१९. संस्थाको कार्यक्षेत्र भित्र शाखा कार्यलयहरु थप गर्ने ।
२०. संस्थाको विनियम २०५७ संशोधन गर्ने ।
२१. संस्थाको कर्मचारीहरुको सेवा सुविधा बृद्धि गर्ने सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने ।
२२. संस्थाको विद्यालय संचालन एवं व्यवस्थापनकोलागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२३. संस्थाको कृर्षि फर्म संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२४. संस्थाको डेरी उद्योग संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२५. संस्थाको पानि उद्योग संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२६. अन्य सहकारी संस्थाहरुसंग एकिकरण गर्ने साथै एकीकरण गर्नको लागि अख्तियारी दिने ।
२७. २२ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणीत गर्ने ।
२८. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।

**प्रतिनिधि छनौट/बिस्तारित मञ्च भेला ) सम्बन्धि प्रक्रियाहरु तथा जानकारी :**

संस्थाका सम्पूर्ण कार्यक्षेत्रलाई निम्न अनुसारको (सात) क्षेत्रमा विभाजन गरि प्रत्येक क्षेत्रमा निम्न अनुसारको मितिमा कार्यक्रम संचालन गरी तोकिए बमोजिमको प्रतिनिधि छनौट गर्दै अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन गरिने छ ।

| क्र.सं. | एकाई बैठक नं. | सेवा केन्द्र तथा कार्यक्रम | एकाई बैठक हुने मिति | एकाई बैठक हुने स्थान | प्रतिवेदन वितरण हुने स्थान | सुझाव प्रदान गर्ने स्थान र मिति |
|---|---|---|---|---|---|---|
| १. | १. | दुल्लु, राकम कर्णाली ठाटिकाध | २०७९।०९।०१ | दुल्लु न.पा वडा नं. ७, दुल्लु बजार | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| २. | २. | खलंङ्गा, डिल्लीचौर, नरकोट | २०७९।०९।०४ | चन्दननाथ न.पा. वडा नं. ७, जुम्ला | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| ३. | ३. | नौमुले, चुप्रा, डुङ्गेश्वर | २०७९।०९।०६ | डुङ्गेश्वर गा.पा.वडा नं. ६, डुङ्गेश्वर | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ४. | बाबियाचौर, बडडीचौर | २०७९।०९।०८ | पञ्चपुरी न.पा ५, बाबियाचौर | सम्बन्धित सेवा केन्द्रहरु | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| ५. | ५. | छिन्नु, मैनताडा, बोटेचौर, राकम | २०७९।०९।१० | भेरीगंगा न.पा.९, जहरे | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| ६. | ६. | खलङ्गा, थलह | २०७९।०९।१२ | भेरी न.पा. ४, जाजरकोट | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| ७ | ७ | सहकारी लाटिकोईली, लाटिकोईली, सुन्दरनगर, मुलपानी, साटाखानी, मटेला | २०७९।०९।१४ | बीरेन्द्रनगर वडा नं. ९, सुर्खेत | | सम्बन्धित सेवा केन्द्रमा पौष १४ गतेसम्म |
| | | | | | | |

**अन्य**

१. साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ इकाइमा विभाजन गरीएको छ। साथै सम्पुर्ण सेवा केन्द्रहरु उपएकाई मानिएको छ।

२. साधारण सभाको प्रतिवेदन सेवा केन्द्रमार्फत वितरण गरिने छ। संस्थाको Website : www.bgmcl.com पनि उपलब्ध हुनेछ।

२.साधारण सभा प्रयोजनको लागि प्रत्येक एकाई, उपइकाईमा समान कार्यसूचीको आधारमा छलफल गरीनेछ।

३.सदस्यबाट प्राप्त सुझावहरु लिखितरुपमा लिइने र उपयुक्त सुझावलाई अन्तिम निर्णयमा समेटिने छ।

४.संस्थाको प्रतिवेदनमाथि सदस्यको कुनै सुझावहरु पेश गर्नुपर्ने भए मिति २०७९।०९।१४ गतेसम्म संस्थाको सेवा केन्द्रमा दिन सकिने छ। सदस्यले सुझाव संस्थाको ईमेल : info@bgmcl.com मा समेत पठाउन सक्नुहुने छ।

५. एकाईमा हुने साधारण सभाबाट अन्तिम माईन्यूट प्रमाणित गर्नको लागि उपस्थित सदस्यहरु मध्येबाट २१ जना प्रतिनिधि सदस्य छनौट गरीनेछ।

६. एकाईगत आयोजना गरीने साधारण सभाको सुचना सम्बन्धित एफ.एम, संस्थाको वेभसाईट, फेसबुक पेज मार्फत जानकारी गराईएको तथा पत्राचार समेत गरीएको अवस्थामा कारणवस सुचना प्राप्त गर्न नसकेको भए यसै सुचनालाई आधारमानि साधारण सभामा उपस्थितीको लागि अनुरोध छ।

**केन्द्रिय साधारणसभा (एकाई प्रतिनिधिहरुको सभा तथा अन्तिम निर्णय प्रमाणिकरण कार्यक्रम) सम्बन्धी जानकारी :**

मिति: २०७९/०९/१५ गते,

समय: बिहानको ठिक ११:०० बजेदेखि।

* माध्यम : टेलिभिजन, एफ एम, Facebook Live, Google Meet, Zoom बाट प्रत्यक्ष प्रसारण।

संचालक समितिको आज्ञाले,

पासाङ्ग महत्तरा
(सचिव)